# डिजिटल कृषि सूचना तथा प्राविधिक परामर्श सेवा केन्द्र स्थापनार्थ कृषि विकास बैंक लि, प्रदेश कार्यालय विरेन्द्रनगर र मकवानपुरगढी गा.पा, मकवानपुर बीच गरिएको सम्झौता पत्र

स्थानीय स्तरमा रहेका कृषकहरुलाई कृषि सूचना प्रविधिमा पहुँच बढाई कृषि उत्पादन र कृषकको उत्पादकत्व बढाउन र डिजिटल कृषि परामर्श तथा प्राविधिक सेवा प्रवाह गराउन **मकवानपुरगढी गाउँपालिका**, सँगको समन्वय र सहकार्यमा स्थानीय कृषकहरुलाई डिजिटल कृषि प्रविधिमा जोड्दै जाने र स्थानीय स्तरमा डिजिटल कृषि सूचना तथा परामर्श सेवा केन्द्र स्थापना गर्न **कृषि विकास बैंक लिमिटेड**, (यस पछि पहिलो पक्ष भनिने) र **मकवानपुरगढी गाउँपालिका** (यस पछि दोश्रो पक्ष भनिने), बिच तपशिलका शर्तहरुमा सहमति भई मिति २०७९।०३।१२ मा सहीछाप गरी यो सम्झौता गरिएको छ ।

## सम्झौताको उद्देश्य तथा कार्यहरु

उल्लेखित पहिलो र दोस्रो पक्षको प्रत्यक्ष समन्वय तथा सहकार्यमा निम्न उल्लेखित उद्देश्य तथा कार्यहरु सम्पादन गर्न गराउन यो सम्झौता गरिएको छ :

- यस परियोजना अन्तर्गत किसान, खेति गरिने जमिनको प्रोफाइल र कृषकको उत्पादन योजनाको डिजिटल रेकर्ड राखी सोही अनुरुप कृषकले हरेक दिन /हप्तामा गर्नुपर्ने गतिविधि तालिकाको सूचना, मलखाद क्यालकुलेटर, खर्च/लगानीको रेकर्ड जस्ता अन्य सेवा सुविधाहरु ADBL कृषि ज्ञान केन्द्र एप प्रविधि मार्फत उपलब्ध गराउने ।
- किसानलाई कृषि, पशुपालनको ज्ञान, मौसम र बजारको सुचना तथा जानकारी, रोग किराको पहिचान र समाधान सम्बन्धी जानकारी, प्राविधिक परामर्श तथा सहयोग र आवश्यक सूचनाहरुको प्रचार प्रसार ADBL कृषि ज्ञान केन्द्र एप प्रविधि मार्फत उपलब्ध गराउने ।
- स्थानीय स्तरमा इन्टरनेट र स्मार्ट मोबाईलमा पहुँच नभएका कृषकहरुलाई डिजिटल कृषि सूचना तथा परामर्श सेवा केन्द्र मार्फत सेवा दिने, सेमिनारहरु संचालन गर्ने, व्यवहारिक अभ्यास र सिकाईका लागि प्रदर्शनी स्थल तथा विकासका कार्यक्रमहरु संचालन गर्ने ।
- पलिका स्तरमा कृषि तथा पशु सेवा शाखा Web Enterprise मार्फत कृषक तथा कृषि सूचना, तथ्याकंको व्यवस्थापन, नियमन, विश्लेषण, प्राविधिक परामर्श तथा सहयोग र कृषि प्राविधिकहरुको परिचालनलाई प्रविधिमैत्री बनाउँदै लैजाने ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुरगढी, मकवानपुर बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

- ADBL कृषि ज्ञान केन्द्र मोबाईल एप प्रविधिको प्रभावकारी व्यवस्थापन र दिगो संचालन र संस्थागत गर्नका लागि पालिका स्तरिय, कृषि शाखा, पशु सेवा शाखा तथा स्थानीय स्तरका प्राविधिक तथा प्रतिनिधिहरुको ज्ञान, सीप, क्षमता विकास गर्ने । यो सम्झौता अनुसार सम्बन्धीत पक्षहरुको भूमिका र जिम्मेवारी निम्नानुसार रहनेछ :

## १. कार्यक्रम संचालनमा कृषि विकास बैंकको (पहिलो पक्षको) भूमिका तथा जिम्मेवारी

१.१ गाँउपालिकाको कृषि सेवा हेर्ने सम्बन्धित कर्मचारी / प्राविधिकहरुलाई फिल्डमा ADBL कृषि ज्ञान केन्द्र एप अभिमुखीकरण तथा तालिम संचालनका लागि परिचालन गर्न सहयोग गर्ने ।

१.२ सम्बन्धित स्थानीय निकाय, वडा कार्यालय तथा स्थानीय सामुदायिक समूह, संस्था तथा सहकारीहरु सँग समन्वय गरी कृषकहरुलाई पहिलो पक्षले तोकेको सेवा प्रदायक मार्फत एप्स सम्वन्धी अभिमुखीकरण तथा तालिम प्रदान गर्ने ।

१.३. प्रथम पक्षको समन्वय तथा सहकार्यमा स्थानीय स्तर (वडा) को आवश्यकता बमोजिम "डिजिटल कृषि सूचना तथा प्राविधिक परामर्श सेवा केन्द्र" स्थापना गर्न आवश्यक श्रोत साधन जुटाउने । दोस्रो पक्षलाई कृषि सूचना तथा परामर्श सेवा केन्द्र स्थापना गर्नको लागि पालिकालाई तेस्रो पक्ष मार्फत Kiosk खरिद सहजीकरण गरि उपयुक्त बजेट बिनियोजन गर्ने ।

१.४. डिजिटल कृषि सूचना तथा प्राविधिक सेवालाई संस्थागत, दिगो र प्रभावकारी बनाउन दोस्रो र तेस्रो पक्ष बीच समन्वयकारी तथा सहयोगीको भूमिका निर्वाह गर्ने ।

१.५. संचालित कार्यक्रमको नियमित रुपमा अनुगमन मूल्यांकन गर्ने ।

## २. कार्यक्रम संचालनमा मकवानपुरगढी गाउँपालिका (दोस्रो पक्षको) भूमिका तथा जिम्मेवारी ।

२.१ डिजिटल कृषि प्रविधि अन्तर्गत डिजिटल कृषि सूचना तथा प्राविधिक परामर्श सेवा केन्द्रलाई पालिका तथा कृषि शाखा तथा पशु सेवा शाखामा संस्थागत, व्यवस्थित र प्रभावकारी बनाउन समन्वयकारी तथा सहयोगीको भूमिका निर्वाह गर्ने ।

२.२ बुँदा ३ मा उल्लेखित आयोजनाको उद्देश्य तथा कार्य बमोजिम आयोजनाको संचालनको नियमित अनुगमन तथा मूल्यांकन र समिक्षा गर्ने र आवश्यक सल्लाह र सुझाव दिने ।

२.३ स्थानीय आवश्यकता बमोजिम "डिजिटल कृषि सूचना तथा प्राविधिक परामर्श सेवा केन्द्र (ई-चौतारी)" स्थापना गर्न सहजीकरण तथा समन्वय गर्ने र आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन, स्थान लगायत अन्य श्रोत साधनको व्यवस्था गर्ने ।

२.४ सम्झौता अवधि पश्चात् कार्यक्रमलाई निरन्तरता दिन आवश्यक समन्वय तथा सहयोग गर्ने ।

Scanned with CamScanner

## ३. दोस्रो पक्ष अन्तर्गत भूमिका तथा जिम्मेवारी

३.१ डिजिटल कृषि प्रविधि अन्तर्गत डिजिटल कृषि सूचना तथा प्राविधिक सेवाकेन्द्रलाई संस्थागत र प्रभावकारी बनाउन सम्पर्क व्यक्ति तोकी प्राविधिकहरुलाई आवश्यकता अनुसार परिचालन गर्ने ।

३.२ स्थानिय निकाय तथा कृषि शाखामा सुचिकृत भएका कृषि फार्म, कृषि सहकारी तथा कृषक समुहहरुमा आबद्ध किसानहरुलाई ADBL कृषि ज्ञान केन्द्र एप सम्वन्धी अभिमुखीकरण तथा तालिम प्रदान गर्ने ।

३.३ पालिकाको कृषि शाखा द्धारा संचालित हुने अन्य तालिम तथा कार्यक्रमहरुमा विषय वा प्रसंग मिल्ने हद सम्म एप अभिमुखिकरणलाई समावेश गर्ने र किसानहरु माफ पुर्याउन नियमित गतिविधिहरु संचालन गर्ने ।

३.४ आयोजना सम्झौता पछि, सोहि कृषि सम्वन्धि मोवाईल उपयोग गर्दै डिजिटल कृषि सूचना तथा प्राविधिक सेवा नियमित गर्न, कृषक नवीकरण गर्न र अन्य सेवा सुविधा विस्तार गर्न आवश्यक श्रोत तथा बजेटको व्यवस्थापन गर्ने ।

## ४. समय अवधी

यस सम्झौता पत्रको अवधी वि.सं २०७९ साल अषाढ १२ गते देखी वि.सं. २०८० साल अषाढ ११ गते सम्म लागु हुनेछ ।

## ५. सम्झौता संशोधन

सम्झौतारत पक्षको संयुक्त सहमतिमा सम्झौतालाई कुनै पनि समयमा संशोधन गर्न सकिनेछ । यसरी गरिएको संशोधन यो सम्झौताको एउटा महत्वपूर्ण भाग हुनेछ ।

माथि उल्लेखित भूमिका तथा जिम्मेवारीहरु पुरा गर्न गराउन मन्जुर भई उल्लेखित पक्षका आधिकारीक व्यक्तिहरुले यस सम्झौता पत्रमा हस्ताक्षर गरेका छौं ।

Scanned with CamScanner

| पहिलो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम : रघुनाथ न्यौपाने | नाम :राम कुमार पुडासैनी |
| पद : प्रदेश प्रमुख | पद : प्रमुख प्रशासकीय अधिकृत |
| संस्था : कृषि विकास बैंक लिमिटेड, प्रदेश कार्यालय, विरेन्द्रनगर, चितवन | संस्था : मकवानपुरगढी गाउँपालिका |
| हस्ताक्षर | हस्ताक्षर |
| बैंकको छाप | पालिका को छाप |
| मिति :२०७९।०३।१२ | मिति :२०७९।०३।१२ |

साक्षी :

| | |
|---|---|
| नाम : नुर प्रसाद गौतम | नाम :चन्द्रकान्त चौधरी |
| पद : बरिष्ठ शाखा प्रमूख | पद : कृषि अधिकृत |
| संस्था : कृषि विकास बैंक लिमिटेड, प्रदेश कार्यालय, विरेन्द्रनगर, चितवन | संस्था : मकवानपुरगढी गाउँपालिका |
| हस्ताक्षर | हस्ताक्षर |
| बैंकको छाप | पालिका को छाप |
| मिति :२०७९।०३।१२ | मिति :२०७९।०३।१२ |

# सम्झौता पत्र

## VALUE CHAINS FOR INCLUSIVE TRANSFORMATION OF AGRICULTURE PROGRAMME (VITA)

Agricultural Development Bank Ltd.

कृषि विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

www.adbl.gov.np | सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घर आँगनको बैंक | SWIFT: ADBLNPKA

IFAD
Investing in rural people

Scanned with CamScanner